नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ती

पत्र संख्या :-

च.नं. :-

मिति :..........................

मिति २०७५ मंसिर १४ गते माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यूको समुपस्थिति र श्रीमान् मुख्यसचिवज्यूको अध्यक्षतामा नेपाल सरकारका सचिवहरुको बैठक बस्यो । बैठकको सुरुमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट संविधानको धारा ३०४ अनुरुप आगामी फागुन २१ गतेभित्र १७४ वटा कानुनहरु नयाँ निर्माण तथा संशोधन गरिसक्नुपर्ने विषयमा प्रस्तुतीकरण भयो । प्रस्तुतीमा संविधान अनुसार संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारका विषय र सबै तहका एकल अधिकारका विषयमा कानून निर्माण गर्ने सन्दर्भमा देखिएका जटिलताको सम्बोधन गर्ने विषयलाई जोड दिइएको थियो । मन्त्रालयको प्रस्तुतीकरण पश्चात् विभिन्न विषयगत मन्त्रालयका सचिवज्यूहरुले कानून निर्माणको सन्दर्भमा आफ्ना मन्त्रालयका धारणा, कानून निर्माणको अवस्था र सोको सम्बन्धमा सामना गर्नुपरेका समस्याहरुबारे अवगत गराउनुभयो ।

बैठकमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यूले विषयगत मन्त्रालयहरुबाट कानून निर्माण र संशोधनको लागि भएको कार्यको प्रशंसा गर्दै संविधानको धारा ३०४ अनुरुप कानूनहरुको निर्माण र संशोधन गर्ने सन्दर्भमा मन्त्रालयहरुबीच कानूनको बुझाईमा र काम गराईमा एकरुपता कायम गर्नको निम्ति यो बैठकले महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्नुभयो । आगामी संसदीय अधिवेसन सुरु हुनु अगावै हामीले निर्माण गर्नुपर्ने र संशोधन गर्नुपर्ने कानूनका संख्या यकिन गरी तिनको मस्यौदा समेत तयार गरी संसद सचिवालयमा दर्ता गर्ने किसिमले तयारी गर्न उहाँले निर्देशन दिनुभयो । संविधान अनुकुल हुने गरी नयाँ कानून निर्माण र विद्यमान कानूनमा संशोधन गर्नुपर्ने कानूनको संख्या १७४ वटा देखिएकोले उक्त कानूनहरुमध्ये आ-आफ्ना मन्त्रालयसँग सम्बन्धित कति कानून नयाँ बनाउने र कति परिमार्जन गर्नुपर्ने छन् छुट्याई प्राथमिकताका आधारमा तदारुकताका साथ अगाडि बढ्न निर्देशन दिनुभयो । सोही क्रममा माननीय मन्त्रीज्यूले कानून निर्माण गर्दा सरकारी संयन्त्रभित्रकै दक्षतालाई अधिकतम उपयोग गर्नुपर्नेमा समेत जोड दिनुभयो ।

बैठकमा श्रीमान् मुख्यसचिवज्यूबाट आगामी फागुन २० गतेभित्र संसदबाट कानून निर्माण तथा संशोधन पारित भैसक्नुपर्ने भएकोले सो मिति अगावै सम्पन्न गर्नुपर्ने तयारीका विषयमा निर्देशन दिँदै कानून निर्माण गर्दा समग्र राष्ट्रको हित, सन्तुलित विकास आदिलाई सर्वोपरी मानी संघ, प्रदेश र स्थानीय तहको तालमेल

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

र अन्तरसम्बन्धलाई स्वचालित बनाउँदै गतिशील कार्यान्वयनको दिशामा अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो। ऐनहरुको निर्माण गर्दा संविधानका अक्षर र मर्मभित्र रहनुपर्ने र कानून निर्माण गर्ने काम सम्पन्न गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले नेतृत्व लिने र सबै मन्त्रालयमा समेत यस प्रयोजनका लागि अलग्गै कार्यटोली बनाउनुपर्ने भए सो समेत गरी अझ उच्च प्राथमिकता र तदारुकताका साथ कानून निर्माण कार्यलाई अगाडी बढाउनुपर्ने बताउनुभयो।

आगामी २३ गते बस्न गईरहेको अन्तरप्रदेश समन्वय वैठकका लागि आफ्नो मन्त्रालय वा अन्तर्गतको बजेट, संगठन संरचना, जनशक्ति, आयोजना, पूर्वाधार विकास, अधिकार प्रत्यायोजन लगायतका विषयमा विद्यमान अवस्थाको विवरण आगामी मंगलबार सम्ममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउन सबै सचिवज्यूहरुलाई निर्देशन दिनुभयो । साथै राजनीतिक नेतृत्वले राखेको लक्ष्य प्राप्ती गर्न निजामती प्रशासन सक्षम र प्रतिवद्ध छ भन्ने सन्देश प्रवाह हुने गरी कार्य गर्न र समृद्ध नेपाल सुखी नेपालीको नारालाई सफल पार्न सम्पूर्ण सचिवज्यूहरु र राष्ट्रसेवक कर्मचारी साथीहरुले अहोरात्र खटी अतिरिक्त क्षमता प्रदर्शन गरी कार्यसम्पादन गर्नुपर्ने बताउनुभयो।

(विनोदबहादुर कुँवर)
प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np